# नेपाल अन्तरीम शासन बिधान (तेस्रो संशोधन) २०१०

नेपाल अन्तरीम शासन विधान, २००७ को मनसाय र त्यसमा लेखिएका कुराहरूको परिणाम स्पष्ट गर्नालाई र तल लेखिएका केही अन्य तात्पर्यका लागी सो ऐनमा अरु पनि संशोधन गर्नुपर्ने आवश्यक भएको हुनाले श्री ५ महाराजाधिराजबाट मौसूफको राजकीय शक्ति तथा विशेषाधिकारको प्रयोग गरी देहाय बमोजिमको कानून बनाई जारी गरिबक्सेको छ: —

१. (१) यो ऐन-'नेपाल अन्तरीम शासन विधान (तेस्रो संशोधन), २०१०' भनिनेछ ।

(२) नेपाल अन्तरीम शासन बिधान, २००७ लागू भएकै मितिदेखि यो ऐन लागू भएको मानिनेछ ।

२. व्याख्या:— नेपाल अन्तरीम शासन विधान २००७ (जसलाई तल ऐन भनिनेछ) को दफा १ पछि निम्न लिखित दफा थपिनेछ ।

"१ क. यस ऐनको व्याख्यामा नेपाल कानून व्याख्यासम्बन्धी ऐन प्रयोग गरिनेछ ।

३. मूल ऐनको दफा २ खारिज गरिनेछ तथा त्यसका ठाउँमा निम्नलिखित राखिनेछ:—

"२. (१) यस परिच्छेदमा लेखिएका कुराहरू लागू हुनेबारे:— यस परिच्छेदका कुराहरूलाई नेपालको कुनै अदालतद्वारा लागू गरिनेछैन तथा यो ऐन चालु हुनु अगावै वा चालु भएपछि बनेको कुनै नेपाल कानून वा सो कानूनअन्तरगत बनेको नियम वा आदेश यस परिच्छेदका कुराहरूसँग केवल बाझिन्छ भन्दैमा अमान्य ठहरिनेछैन ।

(२) यस परिच्छेदका कुराहरूमा उल्लेख गरिएका सिद्धान्तहरूलाई उपदफा (१) मा लेखिएका कुराको अधीनमा रही सरकारले मुलुकको शास-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नमा मूलसूत सिद्धान्त भनी मान्नेछ। प्रचलित नेपाल कानूनलाई सक-भर चाँडै र अबउप्रान्त बनाइने कानूनसमेत यी सिद्धान्तमा ढाल्ने सरकारको कर्तव्य हुनेछ।"

४. मूल ऐनका दफा ३,४,५,६,७,८,९,१०,११,१२,१३,१४,१५,१६, १७, र १९, मा 'राज्य' भन्ने लबजका सट्टा 'सरकार' भन्ने लबज राखिनेछ।

५. मूल ऐनको दफा १९ खारिज गरिनेछ तथा त्यसका ठाउँमा निम्नलिखित दफा राखिनेछ:—

"१९ कानूनको मूल सिद्धान्त:—

(१) कुनै कर कानूनको अख्तियारविना लगाइने वा असूल गरिनेछैन

(२) प्रचलित कानूनका अधीनमा रही सबै नागरिकहरुलाई:—

(क) वाक र प्रकाशन स्वतन्त्रताको

(ख) शान्तिपूर्वक र बिनाहतियार सम्मेलन सभा गर्ने।

(ग) संस्था तथा संघ खडा गर्ने।

(घ) नेपाल राज्यभर विना रोकटोक घुमफिर गर्ने।

(ङ) नेपालको जुनसुकै भागमा पनि निवास गर्ने र घरजग्गा गर्ने।

(च) सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेच बिखन गर्ने।

(छ) कुनै पेशा, रोजगार, उद्योग वा व्यापार गर्ने।

अधिकार हुनेछ।

६. मूल ऐनको दफा २१ को:—

(क) उपदफा (१) खारिज गरी त्यसका ठाउँमा निम्नलिखित उपदफा राखिनेछ:—

"(१) श्री ५ महाराजाधिराजमा रहेको राज्यको कार्यकारिणी अधि-कारबमोजिमको' काम मौसूफले स्वयं वा मन्त्रीहरुद्वारा वा मौसूफका मातहतका' अन्य कर्मचारीद्वारा गर्न सकिबक्सनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर श्री ५ महाराजाधिराजका मातहतका अधिकारी वर्गलाई अख्तियार एवं कार्यभार प्रदान गर्ने कुनै नेपाल कानूनको मान्यता तथा गतिशीलतामा यस दफामा लेखिएका कुनै कुराले बाधा पुऱ्याएको अर्थ लगाइनेछैन।"

(ख) उपदफा (२) मा रहेको 'उक्त पदसम्बन्धि काम कुराको संचालन, ऐनबमोजिम नियमित हुनेछ' भन्ने लबज झिकिनेछ।

७. (१) मूल ऐनको दफा २२ को उपदफा (१) खारिज गरिनेछ तथा त्यसका ठाउँमा निम्नलिखित उपदफा राखिनेछः—

"(१) नेपालको जुनसुकै अदालत वा सेना न्यायालयले जुनसुकै अपराधको दोषी ठहराएको जुनसुकै व्यक्तिलाई दण्ड सजाय माफी गर्ने, विलम्ब गर्ने, घटाउने बदल्ने वा मूलतवी राख्ने अख्तियार सरकारलाई हुनेछ।"

(२) मूल ऐनको दफा २२ को उपदफा (२) मा रहेको दफा (१) को उपदफा (क भन्ने लबज झिकी त्यसका सट्टामा 'उपदफा (१)' भन्ने लबज राखीनेछ।

८. मूल ऐनको दफा २४ खारिज गरिनेछ तथा त्यसका ठाउँमा निम्नलिखित दफा राखिनेछ :—

"२४ (१) प्रधान मन्त्रीको नियुक्ति श्री ५ महाराजाधिराजबाट गरिबक्सिनेछ तथा अन्य मन्त्रीहरूको नियुक्ति श्री ५ महाराजाधिराजबाट प्रधान मन्त्रीका सल्लाह लिएर गरिबक्सिनेछ।

(२) मन्त्रीहरू श्री ५ महाराजाधिराजका इच्छाअनुसार आफ्ना पदमा बहाल रहनेछन्।

(३) श्री ५ महाराजाधिराजमा दिएको सल्लाहका लागी मन्त्रिमण्डल सामूहिकरुपले मौसूफ प्रति उत्तरदायी हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

९. मूल ऐनका दफा २५, २७, ३३ र ३८ मा 'श्री ५ महाराजाधिराज' भन्ने लब्जका सट्टा 'सरकार' भन्ने लब्ज राखिनेछ।

१०. मूल ऐनको दफा २६ खारज गरिनेछ तथा त्यसका ठाउँमा निम्नलिखित दफा राखिनेछ ।

"२६. श्री ५ महाराजाधिराजको कानून बनाउने अधिकार बारे:— जुनसुकै नेपाल कानूनमा जुनसुकै भए तापनि वा जुनसुकै अदालतको जुनसुकै फैसलामा जुनसुकै कुरा भए तापनि नेपालको शान्ति व्यवस्था तथा राम्रो शासनका लागी श्री ५ महाराजाधिराजलाई कानून बनाउने राजकीय एवं संपूर्ण अधिकार प्राप्त भौ रहनेछ भन्ने कुराको शंका निवारणका लागी यसद्वारा घोषणा तथा व्याई गरिन्छ

११ मूल ऐनको दफा २६ मनी निम्नलिखित नयाँ दफा थपिनेछ :—

"२६ क. मन्त्रिमण्डलद्वारा प्रारम्भ गरिएका व्यवस्थापन: — (१) नेपालको शान्ति, व्यवस्था, तथा राम्रो शासनका लागी कानून बनाउँदा मन्त्रिमण्डलका सल्लाहअनुसार श्री ५ महाराजाधिराजबाट यस दफामा लेखिएबमोजिम गर्न सकिबक्सिनेछ ।

(२) श्री ५ महाराजाधिराजका विचारार्थ विधेयक (बिल) पेश गर्नु मन्त्रिमण्डलका लागी कानूनी हुनेछ ।

(३) उपदफा (२) अन्तरगत पेश गरिएको कुनै विधेयकलाई श्री ५ महाराजाधिराजबाट अनुमति दिन सकिबक्सिनेछ वा अनुमति दिन अस्वीकार गर्न सकिबक्सिनेछ वा त्यस विधेयक वा त्यसका कुनै उल्लिखित कुराउपर तथा विशषत: मौसूफद्वारा सिफारिस भएको कुनै संशोधन ल्याउने वाञ्छनीयताउपर मन्त्रिमण्डलको विचारर्थ संदेशसाथ मौसूफबाट फर्काइदिन सकिबक्सिनेछ मन्त्रिमण्डलले पनि सोहीबमोजिम विधेयकउपर पुनर्विचार गर्नेछ ।

१२८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) यस किसिमले पेश गरिएको कुनै विधेयकलाई श्री ५ महाराजाधिराज-बाट अनुमति बक्सेपछि सो विधेयक कानून हुनेछ तथा सोहीबमोजिम लागू हुनेछ।

(५) परिच्छेद ४ मा लेखिएका कुराहरुका अधीनमा रही यो दफा लागू हुनेछ तर सल्लाहकार सभाद्वार विचार नगरिएको तथा स्वीकृत नभएको विधेयक श्री ५ महाराजाधिराजका विचारार्थ पेश गर्नु मन्त्रिमण्डलका लागी कानूनी हुनेछ :—

(।) यदि परिच्छेद ४ मा लेखिएबमोजिमको सल्लाहकार सभाको गठन भएको छैन भने वा।

(॥) यदि परिच्छेद ४ मा लेखिएबमोजिम गठन भएको सल्लाहकार सभाको अधिवेशन चालु छैन र मन्त्रि—मण्डलका विचारमा विधेयकमा प्रस्तावित किसिमको कानून तुरुन्त बनाउनु सार्वजनिक हितका दृष्टिले जरुरी छ भने।"

१२. (१) मूल ऐनका दफा ३०,३१,३२ र ४५ झिकिनेछन्।

(२) दफा ३० को रुपमा निम्नलिखित दफा राखिनेछः—

"३०.(१) एक प्रधान न्यायालय रहनेछ।

(२) प्रधान न्यायालयको गठन, अधिकार तथा कार्य - कानूनबमोजिम तोकिनेछ।"

१३. नेपाल अन्तरीम शासन विधान (दोस्रो संशोधन) २००६ द्वारा थपिएको मूल ऐनको परिच्छेद १ (क) लाई परिच्छेद ४ र त्यसमा परेका दफाहरूलाई सोहीबमोजिम सिलसिला नम्बर राखी मिलाइनेछन्।

१४. जुनसुकै अदालतको जुनसुकै फैसला, आदेश वा डिग्री भए पनि यस ऐनको अनुसूचिमा उल्लिखित कुनै नेपाल कानून अमान्य हुने वा कहिल्यै अमान्य भएको पनि मानिनेछैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. यस ऐन तथा नेपाल अन्तरीम शासन विधान (दोस्रो संशोधन) २००६ द्वारा थपिएको वा संशोधित मूल ऐनका दफाहरूको क्रमानुगत संख्या फेरी मिलाइनेछ । यस प्रकार रूपान्तर भएको ऐन नेपाल गजेटमा फेरि प्रकाश गरिनेछ र आइन्दा त्यसलाई नेपाल अन्तरीम शासन विधान भनिनेछ ।

अनुसूची

१. नेपाल सार्वजनिक सुरक्षा ऐन, २००७.

२. काठमाडौं उपत्यकाका कमिश्नर मैजिष्ट्रेटको सवाल, २०१०

माघ ७।२०१०

आज्ञाले—
तिलकशमशेर,
सेक्रेटरी—कानून मन्त्रालय,

मुद्रण विभाग सिंहदरबार
१६८
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।